वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ आयोजना भएको ३ दिने प्रशिक्षण कार्यक्रममा डोटी जिल्लाका स्थानीय तहहरु मध्ये शिखर नगरपालिका, आदर्श गाउँपालिका र बडीकेदार गाउँपालिकाका वडाध्यक्ष र वडा सचिवहरुको सक्रिय सहभागीतामा मिति २०८२ साल पौष २४ देखि २६ गते सम्म सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना डोटीको शैलेश्वरी हलमा सम्पन्न भएको छ । प्रशिक्षण कार्यक्रममा वडाध्यक्ष र वडा सचिवहरु गरी कुल ४० जना सक्रिय सहभागीता सहेको थियो । जस मध्ये २ जना महिला वडा सचिवहरुको समेत सहभागीता रहेको थियो । तीनदिन सम्म संचालन भएको प्रशिक्षण कार्यक्रममा वडा कार्यालयबाट प्रदान गरिने दैनिक सेवामा विशेष गरेर सिफारिस र प्रमाणिकरणका कार्य र सामाजिक सुरक्षा भत्ताका सम्बन्धमा प्यानल छलफल मार्फत प्रमुख जिल्ला अधिकारी श्री कल्पना घिमिरे नेपाल, जिल्ला प्रहरी कार्यालयका एसपी महेन्द्र नेपालले वडाध्यक्ष र वडा सचिवहरुको जिज्ञासा पुरा गर्नु भएको थियो । साथसाथै सुदूरपश्चिम प्रदेश अनुसंधान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री गेहेन्द्र बमज्यूले सेवा प्रवाह वडाध्यक्ष र वडासचिवको अहम भूमिका रहेको कुरा बताउनु भएको थियो । वडा कार्यालयको सेवा प्रवाह कार्यलाई थप प्रभावकारी बनाउन उनीहरुले वडा समितिका सदस्यहरुको जिम्मेवारी बाँडफाँट गरी विषयगत समिति गठन गर्ने, वडापत्र निर्माण गर्ने तथा अद्दयावधिक गर्ने, प्रतिक्षालय निर्माण गर्ने जस्ता क्रियाकलाप समावेश गरी कार्ययोजना मार्फत प्रतिवद्धता जाहेर गरेका छन् । प्रशिक्षणको सहजीकरण सहजकर्ता द्वय श्री गणेश उपाध्याय र देबेन्द्रप्रसाद गुरुङ्गले गर्नु भएको थियो ।




"डोटी जिल्लाका वडा अध्यक्ष र
वडा सचिवहरुका लागि"
प्रभावकारी सेवा प्रवाह सम्बन्धी प्रशिक्षण
पौष २१-२२, २०८२

